# मस्जिदहरूको तौर तरिका

[ नेपाली - Nepali - نيبالي ]

अनुवादकः अजीमुद्दीन सलफी

संशोधकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

2014 - 1436

IslamHouse.com

# آداب المسجد

« باللغة النيبالية »

الترجمة: عظيم الدين سلفي

المراجعة: عتيق الرحمن محمد إدريس خان مكي

2014 - 1436

IslamHouse.com

# मस्जिदहरूको तौर तरिका

**पवित्र भएर मस्जिद जानु :**

नबी सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि : जुन मान्छे आफ्नो घरबाट पवित्र भएर अल्लाहले अनिवार्य गरेको पूजा गर्नुको उद्देश्यले कुनै मस्जिदतर्फ जान्छ त त्यस मान्छेको एउटा पाइला पाप मेटाउँछ र आर्को त्यसको श्रेणी उच्च गर्छ । ( मुस्लिम )

**मस्जिद पैदल जानु :**

नबी सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि : त्यो व्यक्ति नमाजको सबैभन्दा धेरै पुण्यको अधिकारी हुन्छ जुन नमाजको लागि टाढादेखि आउँछ । ( बुखारी, मुस्लिम )

**शान्त भएर मस्जिद जानु :**

नबी सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि : जब तिमीहरू नमाज पढनुको लागि आऊ त शान्त भएर आऊ, अनि जति पनि नमाज पाउँछौ त्यसलाई पढ र जति छुटेको छ त्यसलाई पूर्ण गर । ( बुखारी, मुस्लिम )

**मस्जिदमा प्रवेश गर्दाखेरि पहिला आफ्नो दायाँ खुट्टा मस्जिदमा राख्नुहोस् अनि यो दुआ पढ्नुहोस् !**

بسم الله والسلام على رسول الله اللهم اغفرلي ذنوبي
وافتح لي أبواب رحمتك

अर्थ : शुरू गर्दछु अल्लाहको नामबाट, र शान्ति अवतरित होस् अल्लाहको रसूलमाथि, हे अल्लाह मेरा पापहरूलाई क्षमा गरिदिनु होस् र मेरो लागि आफ्नो दयाको ढोका खोलिदिनु होस् । ( इब्ने माजा ..आदि )

**मस्जिदबाट निस्कदाखेरि आफ्नो देब्रे खुट्टालाई बाहिर राख्नुहोस् र यो दुआ पढ्नुहोस् !**

بسم الله والسلام على رسول الله اللهم اغفرلي ذنوبي
وافتح لي أبواب فضلك

अर्थ : शुरू गर्दछु अल्लाहको नामबाट, र शान्ति अवतरित होस् अल्लाहको रसूलमाथि, हे अल्लाह मेरा पापहरूलाई क्षमा गरिदिनु होस् र मेरो लागि आफ्नो अनुकम्पाको ढोका खोलिदिनु होस् । ( इब्ने माजा ..आदि )

**तहीयतुल मस्जिद :**

रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि: जब तिमीहरू मध्ये कुनै व्यक्ति मस्जिदमा प्रवेश गरोस् त दुई रक्अत नपढुनजेल नबसोस् । ( बुखारी, मुस्लिम )

**दुर्गन्धबाट बाँच्नु :**

रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ किः जसले प्याज, लहसुन र मुला खाएछ त्यो हाम्रो मस्जिदको नजिक पनि नआओस्, किनकि फरिश्ताहरूलाई पनि ती कुराहरूबाट कष्ट पुग्छ जसबाट आदमका सन्ततिहरूलाई कष्ट पुग्छ । ( मुस्लिम )

**मस्जिदमा आफ्नो स्वरलाई उच्च नगर्नु यद्यपि कुरआनको पाठन गरेर किन नहोस :**

रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ किः सावधान ! तिमीहरू मध्ये प्रत्येक व्यक्ति आफ्नो पालनकर्तासित कानाखुशी गरिरहेको छ तसर्थ तिमी मध्ये कुनै व्यक्ति कसैलाई दुःख नदेओस्, र (कुरआनको) पाठन गर्नुमा आफ्नो स्वरलाई एकआर्का माथि उच्च नगरोस् । ( अबूदाऊद )

**नमाजीको सामुन्नेबाट हिँडडुल नगर्नु :**

रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ किः यदि नमाजीको सामुन्नेबाट हिँड्ने मान्छेलाई यो थाहा भइहालोस् कि त्यसलाई यस कर्मको के सजाय मिल्ने छ भने त्यो नमाजीको अगाडिबाट जानुभन्दा चालीस सम्म उभिरहनु उत्तम ठान्थ्यो ।
अबुन्नजरले भन्नु भएको छ किः मलाई यो कुरा थाहा छैन कि चालीस दिन वा चालीस महिना वा चालीस वर्ष भनेको हो । ( बुखारी, मुस्लिम )

**हाम्रा पूर्वजहरूको छिटो भन्दा छिटो मस्जिदतिर जानुका उदाहरणहरू :**

अदी बिन हातिम रजिअल्लाहो अन्हो ( उहाँसित अल्लाह प्रसन्न हुन् ) भन्नुहुन्छ कि म नमाजको समय अउनुभन्दा अगाडि नै त्यसको अभिलाषी रहन्थें । र भन्नुहुन्छ किः जबदेखि मैले इस्लाम कबूल गरें त्यही समयदेखि नै नमाजको इकामत भन्दा अगावैं नै वजू गरिसकेको हुन्थें । ( सियरो अअ्लामुन्नोबोला ३/४६१ )
र सईद इब्नुल् मुसैयिब ( अल्लाह उहाँमाथि दया गरुन् ) ले भन्नुहुन्छ किः म तीस वर्षदेखि मुवज्जिनले अजान दिनुभन्दा पहिला नै मस्जिदमा उपस्थित रहन्थें । ( सियरो अअ्लामुन्नोबोला ४/१२२ )
र वकीअ्को भनाई छ किः अअ्मशको सत्तरी वर्षदेखि तक्बीरतुल एहराम (अर्थात नमाजलाई आरम्भ गर्ने तक्बीर ) छुटेको छैन, र म पनि उहाँको साथ दुई वर्षदेखि छु तर मैले उहाँलाई एक रक्अत कजा गर्दा हेरेको छैन ( अर्थात छुटेको रक्अत नमाज सिद्धेपछि पढ्दा हेरेको छैन ) ( हिलियतुल् अउलियाअ् ५/९४ )

**फतवा**

अल्लजनतुद्दाइमा ( सउदीका विद्हरूको संगठन ) सित गीत संगीतको बारेमा सोधियो त यस संगठनले यसरी उत्तर दियो किः गीत संगीतको प्रयोग अवैध छ चाहे मोबाइलद्वारा गरियोस् वा अरु कुनै यन्त्रद्वारा, किनकि संगीतका समस्त यन्त्रहरूलाई सुन्नु अवैध छ, र यसकुरालाई वैधानिक प्रमाणहरूले सिद्ध गरिसकेका छन् यसलेगर्दा सामान्य घंटी (टून)को प्रयोग गरेर यस अवैध कार्यबाट बाँच्न सकिन्छ । ( फतावाल्लजनतुद्दाइमा फतवा नं.२०८४२ )